# १२ मिश्रदेश अर्थात इजिप्टमा फिर्ता

*<u>यस अध्यायका मूल पदहरू:</u>* यर्मिया ४०:७-१६, यर्मिया ४१-४३, प्रस्थान १६:३, गन्ती १६:१३, यर्मिया ४४।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* "तब तिनीहरूले यर्मियालाई भने, "परमप्रभु तपाईंका परमेश्वरले तपाईंद्वारा पठाउनुभएका कुराअनुसार हामीले गरेनौं भने, परमप्रभु नै हामीहरूका विरुद्धमा साँचो र विश्वासयोग्य साक्षी होऊन्।" यर्मिया ४२:५।

अगमवक्ता यर्मियाले परमेश्वरका जनहरूलाई उहाँतिर मन फर्काउन गरेको प्रयत्नका विवरणहरूको अन्त्यतिर लाने यस अध्यायको विषयवस्तु हो। उनको प्रयत्नले गर्दा इस्राएलीहरू सदा सुखी रहे भनेर कथाको अन्त्य गरिएको छैन। यस अध्यायलाई संक्षेपमा भन्नुपर्दा र यर्मियाको अधिकांस विवरणहरूको निचोडमा प्रस्तुत गर्दा हामीले यो भन्न सक्छौं कि अनुग्रहले पनि आफ्नो काम सिमितमात्रामामात्र गर्न सक्दोरहेछ भन्ने ज्वलन्त उदाहरण हाम्रो सामु प्रस्तुत गरिएको देख्छौं। अर्थात जसले परमेश्वरको अनुग्रहलाई सरासर लत्याउँछ त्यसले मुक्ति पाउने अवसर गुमाउँछ। परमेश्वरले कतिपटक उहाँतिर फर्कन आफ्ना जनहरूलाई आह्वान गरेका थिए। मुक्ति, सुरक्षा, उद्धार, शान्ति र फलिफाप दिने परमेश्वरको वचनलाई बचेका केवल थोरै विश्वासीहरूलेमात्र उपभोग गर्न पाए अरू अधिकांस जनताले यर्मियामार्फत आएको परमेश्वरको वचनलाई लत्याइ दिएका थिए।

यर्मियाको के भयो त? मानविय दृष्टिकोणले हेर्दा परमेश्वरको साहसिलो,प्रखर वक्ता र बफादारी यर्मियाको गरिमामय भूमिका खेर गएको देखिन्छ। रूने अगमवक्ताले रूनुपर्ने धेरै

कारणहरू थिए। उनले चेतावनी दिएको अनुसार सबै थोक पूरा भएतापनि मानिसहरूले पाप, मूर्तीपूजा र बिद्रोही भावनालाई पकडिरहे र परमेश्वरको वचन ल्याउने अगमवक्तालाई उनको मुखैको सामु धज्जी उडाए। हामी पनि कसरी होशियार हुनुपर्छ, सो सोच्न जरुरी छ। अयोग्य तथा अधर्मीलाई दिएको अनुग्रह अनुग्रह हो, तर त्यसलाई ग्रहण गर्न नचाहनेलाई जबरजस्ती अनुग्रह लादिँदैन। जुन शर्तमा अनुग्रह दिइएको हो सो शर्त मान्न नचाहनेलाई अनुग्रह उपलब्ध गरिन्दैन। यदि कसैले परमेश्वरको प्रेमलाई ग्रहण गर्न चाहन्दैन भने उसको आत्मिनिर्णयलाई परमेश्वरले हस्तक्षेप गर्नुहुन्न। यो उहाँको शदाशयता हो।

## १. आन्तरिक राजनैतिक द्वन्द तथा शासकहरूको बीचमा खिचातानी

बेबिलोनद्वारा गरिएको यरुशलेम शहरको सर्वनास र शत्रुदेशबाट हार खानुपर्ने परिस्थितिमा परमेश्वरसँगको विश्वासमा झुकेर मानिसहरू एकआपसमा एकमत हुनुपर्ने पाठ इस्राएलीहरूले सिकेहोलान् भनेर अनुमान गर्नु स्वभाविकै हो। दुर्भाग्यवस, सबैले परमेश्वरको मर्म बुझेका थिएनन् जसको फलस्वरुप इस्राएलीहरूको यथार्थ नाटक सुःखान्तमा अन्त हुनगएन।

यर्मिया ४०: ७-१६ पढ्नुहोस्। मानिसहरूको सामु फेरि परमेश्वरको वचन अर्कै माध्यमबाट आएको थियो, त्यो के सन्देश थियो? ती वचनमा बाँकी वा बचेखुचेका भनेर पद ११मा उल्लेख गरेको अर्थपूर्ण अर्थको मतलब के हो? हेर्नुहोस्: "७ बेबिलोनका राजाले अहीकामका छोरा गदल्याहलाई देशका राज्यपाल नियुक्त गरेका छन् र देशका सबैभन्दा गरीब पुरुष, स्त्री र केटाकेटीहरूलाई, जो निर्वासित गरेर बेबिलोनमा लगिएका थिएनन्, ती जम्मैलाई तिनका हातमा सुम्पिदिएका छन् भनी जब फौजका सबै अधिकृतहरू र बस्ती-बस्तीमा भएका तिनीहरूका मानिसहरूले सुने, ८ तब तिनीहरू मिस्पामा गदल्याहकहाँ आए। तिनीहरू यी नै थिए: नतन्याहका छोरा इश्माएल, कारेहका दुई छोराहरू

योहानान र जोनाथन, तन्हूमेतका छोरा सरायाह, नतोपाती एफैका छोराहरू, माकातीका छोरा याजन्याह र यिनीहरू सबैका मानिसहरू। ९ शापानका नाति, अहीकामका छोरा गदल्याहले तिनीहरू र तिनीहरूका मानिसहरूलाई ढाड़स दिन यो शपथ खाएर भने, "बेबिलोनीहरूको सेवा गर्न नडराओ। देशमा बसेर बेबिलोनका राजाको सेवा गर, र तिमीहरूको भलो हुनेछ। १० मचाहिँ त हामीहरूकहाँ आउने बेबिलोनीहरूका सामुन्ने तिमीहरूको प्रतिनिधि भएर मिस्पामा नै बस्नेछु। तिमीहरूचाहिँ दाखमद्य, ग्रीष्म ऋतुका फलहरू र तेल आफ्ना भाँड़ामा जम्मा गर्दै राख, र तिमीहरूले छानेका सहरहरूमा बस।" ११ जब मोआबमा, अम्मोनमा र एदोममा र अरू देशहरूमा भएका सारा यहूदीहरूले यो कुरा सुने, कि बेबिलोनका राजाले यहूदामा केही मानिसहरूलाई छोड़िराखेका छन्, र शापानका नाति, अहीकामका छोरा गदल्याहलाई राज्यपाल नियुक्त गरेका छन्, १२ तब सबै यहूदीहरू जहाँ-जहाँ तिनीहरू तितरबितर भएका थिए, ती ठाउँहरूबाट फर्केर यहूदा देशको मिस्पामा गदल्याहकहाँ आए। अनि तिनीहरूले प्रशस्त मात्रामा दाखमद्य र ग्रीष्म ऋतुका फलहरू जम्मा गरे। १३ तब कारेहका छोरा योहानान र बस्ती-बस्तीमा भएका फौजका सबै अधिकृतहरू मिस्पामा गदल्याहकहाँ आए, १४ र तिनलाई यसो भने, "के तपाईंलाई थाहा छ कि अम्मोनीहरूका राजा बालीसले नतन्याहका छोरा इश्माएललाई तपाईंको ज्यान लिन पठाएका छन्?" तर अहीकामका छोरा गदल्याहले तिनीहरूको कुरा विश्वास गरेनन्। १५ तब कारेहका छोरा योहानानले मिस्पामा गदल्याहलाई एकान्तमा भने, "नतन्याहको छोरो इश्माएललाई मार्न मलाई अनुमति दिनुहोस्। यो कुरा कसैले थाहा पाउनेछैन। तपाईंका चारैतिर जम्मा भएका यहूदीहरू तितरबितर हुनलाई, र यहूदाका बाँकी रहेकाहरू नष्ट हुनलाई त्यसले किन तपाईंको ज्यान लिने?" १६ तर अहीकामका

छोरा गदल्याहले कारेहका छोरा योहानानलाई भने, "तिमीले यस्तो काम नगर। किनकि तिमीले इश्माएलको विषयमा भनेको कुरा असत्य हो।"

**शान्ति र फलिफापको सन्देश सुनेर पनि सबै मानिस यथास्थितिबाट माथि उठ्नु चाहेनन्। तिनीहरू आफ्नै ढिपीमा चल्न चाहेको देखिएको थियो।**

अब बाँकी इस्राएलीहरूले के नयाँ समस्याहरू भोग्नुपर्ने स्थितिको सृजना भयो? हेर्नुहोस् यर्मिया ४१ "१ सातौं महिनामा एलीशामाको नाति, नतन्याहको छोरो इश्माएल, जो राजकीय रगत भएको र राजाका अधिकृतहरूमध्येको एक थियो, दश जना मानिसहरू लिएर मिस्पामा अहीकामका छोरा गदल्याहकहाँ आयो। जब तिनीहरू सबै एकैसाथ त्यहाँ खाइरहेका थिए, २ तब नतन्याहको छोरो इश्माएल र ती दश जना मानिसहरू उठेर बेबिलोनका राजाले देशको लागि राज्यपाल नियुक्त गरेका शापानका नाति, अहीकामका छोरा गदल्याहलाई तरवारले मारे। ३ इश्माएलले मिस्पामा गदल्याहसँग भएका सबै यहूदीहरू र त्यहाँ भएका बेबिलोनी सिपाहीहरूलाई पनि मार्‍यो। ४ गदल्याह मारिएको कुरा कसैले थाहा पाउनु अघि भोलिपल्ट ५ शकेम, शीलो र सामरियाबाट दाह्री काटेका, लुगा च्यातेका र शरीर चिरै-चिरा काटेका असी जना मानिसहरू परमप्रभुको घरमा अन्नबलि र धूप चढ़ाउन आए। ६ नतन्याहको छोरो इश्माएल मिस्पाबाट रुँदै-रुँदै तिनीहरूलाई भेट्न निस्क्यो। तिनीहरूलाई भेटेर त्यसले भन्यो, "अहीकामको छोरो गदल्याहकहाँ आओ।" ७ जब तिनीहरू सहरभित्र आए तब नतन्याहको छोरो इश्माएल र त्यसको साथमा भएका मानिसहरूले तिनीहरूलाई मारे, र तिनीहरूका लाश एउटा इनारमा फालिदिए। ८ तर तिनीहरूमध्येका दश जना मानिसले इश्माएललाई भने, "हामीलाई नमार्नुहोस्! हामीसित एउटा खेतमा लुकाइराखेका गहूँ, जौ, तेल र

मह छन्।" यसैले त्यसले तिनीहरूलाई छोड़िदियो र अरूहरूसित
तिनीहरूलाई मारेन। ९ त्यो इनार, जहाँ इश्माएलले गदल्याह र
अरू मानिसहरूलाई मारेर फालिदिएको थियो, त्यो त्यही इनार
थियो, जो आसा राजाले इस्राएलका राजा बाशाको डरले गर्दा
रक्षाको निम्ति खनाएका थिए। नतन्याहको छोरो इश्माएलले
आफूले मारेका मानिसहरूले त्यो भरिदियो। १० त्यसपछि
इश्माएलले मिस्पामा बाँकी रहेका जम्मै मानिसहरूलाई- राजाका
छोरीहरू र अरू मानिसहरू, जुनलाई राजकीय अङ्गरक्षकका
सेनापति नबूजरदानले अहीकामका छोरा गदल्याहको हातमा
सुम्पेका थिए, ती सबैलाई त्यसले कैद गर्‍यो। यी कैदीहरूलाई
लिएर सिमाना पारि अम्मोनीहरूकहाँ जानलाई त्यो हिँड्यो। ११
जब कारेहका छोरा योहानान र तिनीसित भएका फौजका सबै
अधिकृतहरूले नतन्याहको छोरो इश्माएलले गरेका सबै अपराधका
विषयमा सुने, १२ तब तिनीहरू आफ्ना सबै मानिसहरूलाई लिएर
नतन्याहको छोरो इश्माएलसित लड़ाइँ गर्नलाई हिँडे। तिनीहरूले
त्यसलाई गिबोनको ठूलो दहनेर भेट्टाए। १३ जब इश्माएलसित
भएका ती मानिसहरूले कारेहका छोरा योहानान र तिनका साथमा
भएका फौजका सबै अधिकृतहरूलाई देखे तब तिनीहरू रमाए।
१४ इश्माएलले मिस्पाबाट लगेका सबै कैदीहरू कारेहका छोरा
योहानानकहाँ फर्केर गए। १५ तर नतन्याहको छोरो इश्माएल
आफ्ना आठ जना मानिसहरूसित योहानानको हातबाट उम्केर
अम्मोनीहरूकहाँ भागेर गयो। १६ तब अहीकामका छोरा
गदल्याहलाई मारेपछि नतन्याहको छोरो इश्माएलले गिबोनबाट
ल्याएका बाँचेकाहरूलाई- सिपाहीहरू, स्त्रीहरू, केटाकेटीहरू र
महलका अधिकृतहरूलाई कारेहका छोरा योहानान र तिनीसित
भएका फौजका सबै अधिकृतहरूले लगेर गए। १७ तिनीहरू
बेबिलोनीहरूदेखि उम्कन मिश्रमा जाने विचार गरेर बेथलेहेमनेरको
गेरूथ-किम्हाममा वास बसे। १८ तिनीहरू बेबिलोनीहरूसित

डराएका थिए, किनभने बेबिलोनका राजाले देशको लागि नियुक्त गरेका राज्यपाल अहीकामका छोरा गदल्याहलाई नतन्याहको छोरो इश्माएलले मारेको थियो।"

**अनजान मानिसहरूको नरहत्या किनभयो त्यसको कारण स्पष्ट रूपमा बाइबलले खुलाएका नभएतापनि राजकिय खान्दानको परिवारको सदस्य र राजाका कर्मचारीहरू भनेर उल्लेख गरेकोले नरहत्याको केही कारण भएको आभास् दिन्छ। बेबिलोनको शासनसामु आत्मसमर्पण गर्नु तिनीहरूको निम्ति हित हुनेछ भनेर ती प्रतिस्ठित व्यक्तिहरूले स्वीकार्न चाहेका थिएनन्। गदलियाहलाई बेबिलोनको राजाले इस्राएलको राजगद्दीमा बसालेकोले आमजनता उनलाई कठपुतलीको रूपमा मानेका थिए र उनी राष्ट्रघात गर्ने राजा भनेर जनमानसमा फैलिएको थियो। त्यसकारण उनी र उनका दरवारियाहरूलाई सखाप पार्न मानिसहरू तम्सिएका थिए।**

**यद्यपि सबै जनतासँग सहमत नभएका केही मानिसहरू थिए जसले नयाँ त्रासको सामना गर्नु पर्नेभएको थियो। सबै बृतान्त थाहा नपाएका बेबिलोनीका सैनिकहरूले गदलियाह राजाको हत्याको बदला लिनेछन् भनेर तिनीहरू डराएका थिए (यर्मिया ४१:३)।**

इश्माएल र उनीसँग रहेका मानिसहरूको पापले गर्दा तिनीहरूको पापसँग सरोकार नभएका मानिसहरू त्राही त्राही हुनपुगे। हामीहरूको अनाज्ञाकारिताले हामीहरूमा भएका पापसँग सरोकार नराख्ने अरूलाई दुःख कष्ट ल्याउन सकिन्छ भनेर उपरोक्त बिवरणले हामीलाई के सिकाउँछ?

## २. परमेश्वरको अगुवाईको चाहना

यर्मिया ४२ पढ्नुहोस्। त्यहाँ तत्कालिन मानिसहरूको निम्ति प्रभावकारी सन्देश उल्लेख गरिएको छ। त्यो तिनीहरूको निम्तिमात्र नभएर प्रार्थनाद्वारा परमेश्वरको अगुवाई खोज्नेहरूको निम्ति पनि समयसापेक्षित सन्देश थियो भनेर कसरी बुझ्ने?

हेर्नुहोस्ः "१ तब फौजका सबै अधिकृतहरू, कारेहका छोरा योहानान र होशयाहका छोरा येजन्याह, सानाभन्दा सानादेखि लिएर ठूलाभन्दा ठूला सबै मानिसहरूसमेत गरी २ यर्मिया अगमवक्ताकहाँ भेट गर्न आए, र तिनीहरूले तिनलाई भने, "हाम्रो बिन्ती सुन्नुहोस्, र परमप्रभु तपाईंका परमेश्वरसित यी बाँचेकाहरूका निम्ति बिन्ती गरिदिनुहोस्। किनकि तपाईं आफ्नै आँखाले देख्नुहुन्छ कि हामी त्यति धेरै थियौं तर अब थोरै मात्र रहेका छौं। ३ परमप्रभु तपाईंका परमेश्वरले हामीलाई कहाँ जाने हो, र हामीले के गर्नुपर्ने हो, सो देखाइदिऊन् भनेर प्रार्थना गर्नुहोस्।" ४ यर्मिया अगमवक्ताले तिनीहरूलाई भने, "मैले तिमीहरूको कुरा सुनें। म परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले बिन्ती गरेअनुसार प्रार्थना गरिदिनेछु, र परमप्रभुले जे भन्नुहुन्छ, सो सबै तिमीहरूलाई बताइदिनेछु। म केही कुरा पनि तिमीहरूदेखि लुकाउनेछैनँ।" ५ तब तिनीहरूले यर्मियालाई भने, "परमप्रभु तपाईंका परमेश्वरले तपाईंद्वारा पठाउनुभएका कुराअनुसार हामीले गरेनौं भने, परमप्रभु नै हामीहरूका विरुद्धमा साँचो र विश्वासयोग्य साक्षी होऊन्। ६ चाहे त्यो अनुकूल होस् वा नहोस्, परमप्रभु हाम्रा परमेश्वर, जसकहाँ हामी तपाईंलाई पठाइरहेका छौं, उहाँको वचन हामी पालन गर्नेछौं, ताकि परमप्रभु हाम्रा परमेश्वरको कुरा हामीले मानेकाले हाम्रो भलो होस्।" ७ दश दिनपछि परमप्रभुको वचन यर्मियाकहाँ आयो। ८ तब तिनले कारेहका छोरा योहानान र तिनका साथमा भएका फौजका सबै अधिकृतहरू र साना-ठूला सबै मानिसहरूलाई बोलाए। ९ यर्मियाले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर, जसको सामुन्ने तिमीहरूले मलाई आफ्नो बिन्ती चढ़ाउनलाई पठाएका थियौ, यसो भन्नुहुन्छः १० 'यदि तिमीहरू यही देशमा रह्यौ भने म तिमीहरूलाई बनाइराख्नेछु तर भत्काउनेछैनँ, म तिमीहरूलाई रोपिराख्नेछु तर उखेल्नेछैनँ, किनकि मैले तिमीहरूलाई गरेको

सर्वनाशदेखि म दुःखित छु। ११ बेबिलोनको राजा, जससँग
अहिले तिमीहरू डराउँदछौ, अब त्यससँग नडराओ, किनकि
तिमीहरूलाई त्यसको हातदेखि बचाउन र छुटाउनलाई म
तिमीहरूसित हुन्छु, परमप्रभु भन्नुहुन्छ। १२ म तिमीहरूमाथि
कृपा गर्नेछु, र त्यसले तिमीहरूमाथि टिठ्याएर तिमीहरूलाई
तिमीहरूकै देशमा फेरि बसाल्नेछ' । १३ "तापनि तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरका हुकुम पालन गरेनौ भने, र 'हामी
यस देशमा बस्नेछैनौं, १४ तर हामी मिश्रदेशमा नै गएर बस्नेछौं,
किनभने त्यहाँ हामी लड़ाइँ देख्नेछैनौं, तुरहीको सोर सुन्नेछैनौं, न
त रोटी नपाई भोकै रहनेछौं,' भन्यौ भनेदेखि त, १५ हे यहूदाका
बाँचेकाहरू हो, परमप्रभुको वचन सुन। सर्वशक्तिमान् परमप्रभु,
इस्राएलका परमेश्वर भन्नुहुन्छः यदि तिमीहरूले मिश्रदेशमा गएर
त्यहाँ बसोबास गर्नलाई पक्का नै गरेका छौ भने, १६ जुन
तरवारदेखि तिमीहरू डराउँदछौ, त्यसले नै तिमीहरूलाई मिश्रदेशमा
खेदेर भेट्टाउनेछ, र जुन अनिकालदेखि तिमीहरू डराउँदछौ, त्यो
मिश्रदेशमा तिमीहरूका पछिपछि आउनेछ, र तिमीहरू त्यहीँ नै
मर्नेछौ। १७ निश्चय नै मिश्रदेशमा गएर त्यहीँ रहनलाई मन
पक्का गर्ने जति जम्मै तरवार, अनिकाल र रूढ़ीले मर्नेछन्। मैले
तिमीहरूमाथि ल्याउने सर्वनाशबाट एउटै पनि बाँच्नेछैन वा
उम्कनेछैन' । १८ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर
यसो भन्नुहुन्छः 'जसरी मेरो रीस र क्रोध यरूशलेमका
मानिसहरूमाथि खनिएका थिए, त्यसरी नै तिमीहरू मिश्रदेशमा गयौ
भने मेरो क्रोध तिमीहरूमाथि पनि खनिनेछ। तिमीहरू सराप र
त्रास, अपराध र निन्दाका पात्र बनिनेछौ। तिमीहरूले यो ठाउँ
फेरि कहिल्यै देख्न पाउनेछैनौ' । १९ "हे यहूदाका बाँकी रहेका
हो, परमप्रभुले तिमीहरूलाई भन्नुभएको छ, 'मिश्रदेशमा नजाओ' ।
यो कुरा तिमीहरूले निश्चय जानिराखः आजको दिन म
तिमीहरूलाई चेताउनी दिन्छु, २० कि तिमीहरूले एउटा घातक

भूल गऱ्यौ। तिमीहरूले मलाई परमप्रभु तिमीहरूका परमेश्वरकहाँ यसो भनेर पठायौ, 'परमप्रभु हाम्रा परमेश्वर जे भन्नुहुन्छ त्यो सबै हामीलाई बताइदिनुहोस् र हामी त्यो गर्नेछौं' । २१ आज मैले तिमीहरूलाई त्यो बताइदिएको छु। तर जे कुरा भन्नू भनी उहाँले मलाई तिमीहरूकहाँ पठाउनुभयो, ती सबै कुरामा परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञापालन तिमीहरूले अझै गरेका छैनौ। २२ यसैले अब यो कुरो निश्चय जानिराख, कि तिमीहरू बसोबास गर्न जानलाई इच्छा गरेको ठाउँमा नै तिमीहरू तरवार, अनिकाल र रूढ़ीले मर्नेछौ।"

बेबिलोनीहरूदेखि डराएर बाँचेका मानिसहरूले यर्मियाकहाँ आएर तिनीहरूले के गर्नुपर्ने हो सो गर्न परमेश्वरलाई सोध्न अनुरोध गर्दछन्। यर्मिया परमेश्वरको अगमवक्ता पो रहेछ भन्ने कुरो अब बुझिसकेको हुनुपर्छ। परमेश्वरको नाउँमा उनले जे बोले सो पूरा हुनेरहेछ भनेर पनि तिनीहरूले बुझ्न वाध्य भएका थिए।

परमेश्वरले जे भन्नुहुन्छ सो गर्न तिनीहरूले भाकल पनि गर्दछन्। यहाँ बाँचेका केही मानिसहरूले आफ्नो दुःखबाट पाठमा सिकेका थिएनन् तर परमेश्वरको चाहना थाहा पाएर त्यस अनुसार चल्न पनि प्रतिवद्धता देखाएका थिए। तिनीहरूले बोलेका वचनमा "परमेश्वरले भन्नुभएको कुरा हामीलाई रमाइलो लागेतापनि वा नरमाइलो लागेतापनि हामीले उहाँको वचन पालन गर्नेछौं। तपाईंमार्फत हामीलाई दिइएको परमेश्वरको सन्देशलाई हामीले पालन गर्दा हाम्रो भलो भएको हामी चाहन्छौं" (यर्मियाा ४२ः६ रूपान्तरित)। परमेश्वरमाथि व्यक्त गरेको विश्वास कतिको प्रभाकारी थियो भने उपरोक्त भनाइले बताउँछ। त्यो जे हुनुपर्थ्यो सो हुनु नै पर्थ्यो।

यर्मियाले जे सन्देश सुनाउँछन् त्यो सन्देशमा पहिलेको जस्तै भएको पनि बुझ्नुहोस्ः तिमीहरूले बिदेशी शक्तिमा भर परमेश्वर भनेको होइन तर परमेश्वरमाथि नै भरोसा राख भनेको हुँ। उहाँले

नै तिमीहरूको भलो गर्नुहुन्छ र उचित समयमा उहाँले तिमीहरूलाई उद्धार गर्नुहुनेछ। मुक्ति भनेको कतैबाट वा अरू कसैबाट आउँदैन। बिदेशी शक्तिले तिमीहरूलाई पहिला पनि सहयोग गरेको थिएन न त अहिले नै।

मानिसहरूको प्रवृत्तिलाई थाहा पाएर नै परमेश्वरले तिनीहरूलाई चेतावनीसाथ सन्देश यर्मियामार्फत सुनाउनुभएको थियो। तिनीहरूलै चाहेका सुरक्षा पाउन तिनीहरू इजिप्टमा फर्कने निर्णय तिनीहरूले गरेका थिए भनेर उहाँलाई थाहा थियो। त्यसकारण परमेश्वरले स्पष्टरूपमा र निर्णायत्मक निर्देशन तिनीहरूलाई दिनुभएको थियोः तिमीहरू इजिप्टमा फर्केर नजाऊ, यदि गयौ भने तिमीहरूमा झन बिपत्ति र नाश आउनेछ।

यस्ता किसिमको निर्णय हामी सबैले गर्नुपर्ने हुन्छः शान्ति र जीवन बिश्वासद्वारा येशूको मार्गमा हिंडेर पाउने कि विश्वासको चालमा नचलेर दुर्दशा र मृत्यु भोग्ने? जुनसुकै परिस्थितिमा होस् वा जहाँसुनै होस् त्यो निर्णय गर्ने चुनौति अन्तमा हामी सबैले सामना गर्नुपर्ने छ। ती मानिसहरूलाई जस्तो हामीहरूलाई स्पष्ट निर्देशन हामीले नपाऔंला, तर कुन् बाटोमा लाग्ने भनेर पहिल्याउने अवसर हामी प्रत्येकलाई दिइएको छ। (यूहन्ना ३:१६भन्दा अरू स्पष्ट निर्देशन के होला?)।

यस संसारमा हामीहरूको अस्तित्वको अर्थ के हो? के हामी जिउन जन्मेका हौं कि केवल मर्नमात्र? आशिष पाउन र आशिषित हुन् वा श्रापित हुन्? दैनिक जीवनमा तपाईंले कस्तो खालको निर्णय गरेर चल्नुभएको छ? मर्न कि बाँच्न?

## ३. इजिप्टमा फर्कन्छन्

यदि तपाईंले अघि पढ्नुभएन भने यर्मिया ४२ अत्यन्त रोचक हुनसक्छ। अब यहूदाका मानिसहरूले के गर्ने? के तिनीहरू विश्वासको हात बढाउने कि जुन् हात बढाउँदा परमेश्वरको वचन पालन गर्नुपर्ने हुन्छ र यहूदामै बस्नुपर्ने हुन्छ? वा तिनीहरूले

**बिगतको जस्तै परमेश्वरले यसरी भन्नुभएको थियो भन्ने वचनलाई पालन नगरि त्यही भुल गर्ने? परमेश्वरको स्पष्ट चेतावनी अध्याय ४२को अन्तमा केही पदहरूद्वारा दिइएको छ, के त्यसलाई वेवास्ता गरेर इजिप्टमा गएर दुःख पाउने?**

यर्मिया ४३:१-७ पढ्नुहोस्। तिनीहरूले के निर्णय गरे? “१ जब परमप्रभु तिनीहरूका परमेश्वरले यर्मियाद्वारा तिनीहरूलाई दिनुभएका सबै कुरा यर्मियाले तिनीहरूलाई भनिसके, २ तब होशयाहका छोरा अजर्याह र कारेहका छोरा योहानान र सबै हठी मानिसहरूले यर्मियालाई भने, ‘तिमीले झूट बोलिरहेका छौ! ‘तिमीहरू मिश्रदेशमा बसोबास गर्न जानैहुँदैन’ भनी भन्नलाई परमप्रभु हामीहरूका परमेश्वरले तिमीलाई पठाउनुभएको होइन। ३ तर बेबिलोनीहरूले हामीहरूलाई मारून् अथवा निर्वासित गरी बेबिलोनमा लैजाऊन् भन्ने विचारले नेरियाहको छोरो बारूकले तिमीलाई हाम्रा विरुद्धमा उक्साएको हो।” ४ यसैले कारेहका छोरा योहानान र फौजका सबै अधिकृतहरू र अरू सबै मानिसहरूले यहूदा देशमा नै बस्नू भन्ने परमप्रभुको आज्ञा भङ्ग गरे। ५ त्यसको सट्टा यहूदाका बाँकी रहेका जम्मै मानिसहरूलाई, जो जाति-जातिहरूका बीचमा तितरबितर भएर फेरि यहूदामा बस्नलाई फर्किआएका थिए, तिनीहरूलाई कारेहका छोरा योहानान र फौजका सबै अधिकृतहरूले लगे– ६ पुरुषहरू, स्त्रीहरू, केटाकेटीहरू, राजकुमारीहरू– जसलाई राजकीय अङ्गरक्षकका सेनापति नबूजरदानले शापानका नाति, अहीकामका छोरा गदल्याहको हातमा सुम्पेका थिए– तिनीहरूलाई र यर्मिया अगमवक्ता र नेरियाहका छोरा बारूकलाई पनि तिनीहरूले लगे। ७ यसरी परमप्रभुको आज्ञा भङ्ग गरेर तिनीहरू मिश्रदेशमा गए, र तिनीहरू तहपनेसमा पुगे।"

**जब परमेश्वरको वचन हामीहरूको चाहना वा नियत अनुसार भएन भने उहाँका वचनहरू बताउने मानिसलाई शङ्का**

गर्नु स्वभाविकै हो। त्यही फल यर्मियाले पनि मुखले ठीक्क पार्ने मानिसहरूबाट भोग्नुपर्‍यो। इस्राएलमा केही हदसम्म परिस्थितिमा परिवर्तन आएको थियो तर मानिसका हृदयहरू र सोचमा भने परिवर्तन आएको थिएन। अगमवक्ता यर्मियालाईप्रति आक्रमक नीति अपनाएर तिनीहरूले आफूले गरेको बाचाबाट पन्छिन गए। तिनीहरूले बयोबृद्ध यर्मियालाई सिधै भौतिक कार्वाही गर्न चाहेन। बरू तिनीहरूले तिनीहरूको रिस यर्मियाको मित्र र उनको लेखनदास बरुखलाई पोखाए। उनले नै यर्मियालाई तिनीहरूको बिरुद्धमा जान उक्साए भनेर उनलाई दोष दिए।

प्रस्थान १६:३ र गन्ती १६:१३,१४ पढ्नुहोस्। यर्मियालाई मानिसहरूले जे जवाफ दिए त्यही खालको जवाफ तिनीहरूका पूर्खाले मोशालाई के भनेका थिए, हेर्नुहोस् "३ अनि इस्राएलीहरूले तिनीहरूलाई भने, "हामी मिश्रमा मासुका कराहीहरूका वरिपरि बसी अघाउञ्जेल खाना खान्थ्यौं। त्यसै बेला हामी परमप्रभुको हातबाट मरेका भएदेखि असल हुनेथियो। तर तपाईंहरूले हामी र हाम्रा यस जम्मै समुदायलाई भोकले मार्न उजाड़-स्थानमा ल्याउनुभएको छ।" प्रस्थान १६:३ र "१३ हामीहरूलाई दूध र मह बग्ने देशबाट उजाड़-स्थानमा मर्न ल्याउनुभएको के तपाईंलाई पुगेन र? फेरि तपाईं हामीमाथि प्रभुत्व पनि गर्न खोज्नुहुन्छ? १४ तपाईंले हामीलाई न त दूध र मह बग्ने देशमै ल्याउनुभयो, न हामीलाई खेत र दाखबारीहरूको अधिकार दिनुभयो। के तपाईं यी मानिसहरूका आँखा निकाल्न चाहनुहुन्छ? हामी पटक्कै आउँदैनौं।" गन्ती १६:१३-१४।

जहाँ पनि जहिले पनि मानिसको स्वभाव मानिसको स्वभावै हुन्छ। आफूहरूले नै ल्याएका समस्याहरूबाट आफूहरू पन्छिन कुनै न कुनैलाई दोष दिने प्रवृत्ति मानिसबाट कहिलै पनि हटेको पाइन्दैन। त्यसकारण जुनसुकै कारण भएतापनि आफ्ना देशका मानिसहरू बेबिलोनीहरूको हातबाट हत्या गरून् वा बेबिलोनमा

पलायन हुन् भनेर बरुखले चाहेको थियो भनेर उनीमाथि अभियोग लगाए। बरूखले त्यस्तो किन चाहेको थियो भनेर यर्मिया ४३:१-७मा उल्लेख गरेको छैन न त मोशाले इस्राएलीहरूलाई मिश्रदेशबाट ल्याएर मरुभूमिमा मार्न चाहेका थिए भनेर तिनीहरूले किन सोचेको थियो धर्मशास्त्रले व्याख्या गर्दछ। विद्रोही भावना र जोशले रन्थनिएर मानिसहरूले जे सोचेको थियो सो ठीकै सोचेको थियो भनेर यकिन भएका थिए। हामीहरूको अनुराग, भावना, जोश, प्रवृत्ति आदि परमेश्वरलाई सुम्पेर राख्नु कतिको निर्णायत्मक कदम हो भनेर हामीले सिकौं।

## ४. इजिप्टमा प्रवाशी हुन इस्राएलीहरूलाई लगिन्छ

यर्मिया ४३:८-१३ पढ्नहोस्। परमेश्वरले यर्मियाद्वारा मानिसहरूलाई के भने? हेर्नुहोस्: "८ तहपनेसमा परमप्रभुको यो वचन यर्मियाकहाँ आयो: ९ "तिम्रा हातमा ठूलाठूला ढुङ्गा लेऊ, र यहूदीहरूले हेरिरहेकै समयमा तहपनेसमा भएको फारोका महलको प्रवेशद्वारमा ईंटा छापेको बाटोमुनि हिलोमा ती गाड़िराख्। १० अनि तिनीहरूलाई भन्, 'सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: म आफ्नो दास बेबिलोनको राजा नबूकदनेसरलाई बोलाउनेछु, र मैले लुकाइराखेका यी ढुङ्गाहरूमाथि त्यसको सिंहासन म बसाल्नेछु। त्यसले तीमाथि आफ्नो राजपत्र फैलाउनेछ। ११ त्यसले आएर मिश्रदेशलाई आक्रमण गर्नेछ, र मृत्युको लागि लेखिएका भए मृत्युमा नै, कैदमा जानुपर्नेहरू कैदमा, तरवारले मारिनुपर्नेहरू तरवारतिरै जाऊन्। १२ त्यसले मिश्रदेशका देवताहरूका मन्दिरहरूमा आगो लगाइदिनेछ। त्यसले उनीहरूका मन्दिरहरूलाई जलाइदिनेछ, र देवताहरूलाई कैद गरेर लानेछ। जसरी गोठालाले आफ्नो लुगा ओढ्छ, त्यसरी नै त्यसले मिश्रदेशलाई ओढ्नेछ र त्यो त्यहाँबाट केही हानि नभई फर्कनेछ। १३ त्यसले मिश्रदेशमा भएको सूर्यको मन्दिरका पवित्र

खम्बाहरू भत्काइदिनेछ, र मिश्रदेशका देवताहरूका मन्दिरहरूमा आगो लगाइदिनेछ।"

तहपनेस भन्ने शहर इजिप्टको उत्तरपूर्वको सिमानामा पर्छ। त्यो महत्त्वपूर्ण किल्ला भएको शहर हो र त्यहाँ धेरै सम्पन्न यहूदीहरू बस्दथे।

परमेश्वरले यर्मियालाई सङ्केतको रूपमा भविष्यवाणीलाई नाटकिय ढँगमा प्रस्तुत गर्न अऱ्हाउनुहुन्छ। बोलीवचन प्रभावकारी भएतापनि हाम्रो सामु कुनै पनि सन्देश नाटकिय रूपमा प्रस्तुत गर्दा त्यो सन्देश झन प्रभावकारी हुनसक्छ।

फारो राजाको दरवारको ढोका अगाडि ढुङ्गाहरू यर्मियाले ठ्याक्कै कसरी गाढ्नुपर्छ भनेर हामीलाई भनिएको छैन। तर जे भन्न गएको बिषय हो त्योचाहीं स्पष्ट छः फारोहरू जतिसुकै शक्तिशाली भएतापनि परमेश्वरको सामु तिनीहरूलाई दाँज्न सकिन्दैन। आफूले भन्नुभएको वचनलाई पूरा गरिछोड्न परमेश्वर कतिबद्ध हुनुहुन्छ। इजिप्टमा गएर शरणार्थी भइयो भने तिनीहरूले सुरक्षा पाउनेछ भनेर तिनीहरूको सोच नै गलत थियो। हामीले अघाडि हेऱ्यौं कि पहिला पनि इस्राएलीहरूले इजिप्टबाट राहत आउँछ र सुरक्षा पाउँछ भनेर ठानेका थिए सो पूरा भएको थिएन (यर्मिया ३७:७,८)। इजिप्ट देशका मानिसहरूले पूजा गरेका देवताहरू बेकारका थिए। ती देवीदेवताहरू कपोलकल्पित थिए तर तिनीहरूलाई पूजा गर्दा मानिसहरूको दिमागलाई बङ्ग्याइ दिएका थिए र सत्य परमेश्वरको उपासना गर्न मानिसहरूलाई असक्षम् बनाएका थिए। इस्राएलीहरूले त्यस मामिलालाई राम्रोसँग बुझेको हुनुपर्थ्यो। ती देवीदेवताहरूको अस्तित्व अहिले नभएको अवस्थामा हामीलाई यो थाहा छ कि हामीहरूको सुरक्षा र उद्धार केवल परमप्रभु परमेश्वरको वचन पालन गरेरमात्र आउँछ।

"जब हामी आफ्नो भाऊ नखोज्ने हामीहरूको धर्मको नीतिमा हामी चल्छौं तब हामी परमेश्वरको इच्छालाई पालन गर्न आत्तुरी

हुनेछौं। हामीहरूका आँखाका आँखीभौंहरूलाई परमेश्वरले अभिषेक गर्नुहुनेछ जसले गर्दा परमेश्वरको व्यवस्थाको अचम्मको कुराहरूलाई देख्न सक्षम् हुन्छौं। परमेश्वरको वचनलाई शिरोपर गरेर हिँड्नु नै हामीहरूको सुरक्षा कवच हो भनेर हामीले पहिचान गर्न सक्नेछौं। मानिसहरूले आत्मज्ञान कतिको पाएको छ त्यही आधारमा परमेश्वरले तिनीहरूलाई जिम्मेवारी ठहराउनुहुन्छ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको दावी अहिले पनि न्यायोचित र सही तर्कसम्मत छ। येशूको अनुग्रहद्वारा व्यवस्थाको सबै नीतिहरू हामीबाट पालन गर्न अपेक्षा गरिएको छ।"-एलेन जी ह्वाइट, *रिभ्यु एण्ड हेराल्ड,* फेब्रअरी, २५, १८९०बाट रूपान्तरित।

इस्राएलीहरू इजिप्टमा गएर सुरक्षा हुने चाहना गरेको प्रतिकको रूपमा सोच्नुहोस। यो कस्तो बिडम्बना हो! आत्मिक रूपमा हेर्दा के के तरिकाहरू छन् जुन् हामीले पनि अपनाउन सक्छौं जसले हामीहरूको इजिप्टमा फर्काउन खोज्दछ किनभने हामीले अपेक्षा गरेका कुराहरू परमेश्वरले पूरा गर्नुभएन?

## ५. खुलारूपमा परमेश्वरको बचनको अवहेलना

इस्राएलका युद्धवन्दीहरू इजिप्टमा के गरिरहेका थिए? हेर्नुहोस् यर्मिया ४४:१-१० “१ तल्लो मिश्रमा – मिग्दोल, तहपनेस र नोपमा – र माथिल्लो मिश्रमा बस्ने सबै यहूदीहरूका विषयमा परमप्रभुको यो वचन यर्मियाकहाँ आयोः २ “सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः यरूशलेम र यहूदाका सबै नगरहरूमा मैले ल्याएको ठूलो सर्वनाश त तिमीहरूले देखेकै छौ। आज ती उजाड़ र भग्नावशेष भएका छन्। ३ यो तिनीहरूका दुष्टयाइँको कारणले हो। तिनीहरूले मलाई क्रोधित तुल्याए। तिनीहरूले धूप बाले र अरू देवताहरूको सेवा गरे, जसलाई न त तिनीहरू आफैले, न तिमीहरूले चिनेका थियौ न त तिमीहरूका पुर्खाले चिनेका थिए। ४ मैले मेरा दास अगमवक्ताहरूलाई

बारम्बार यसो भनेर तिनीहरूकहाँ पठाएँ, 'मलाई घिनलाग्ने यस्तो घृणित काम नगर' । ५ तर तिनीहरूले सुनेनन् अथवा ध्यानै दिएनन्। तिनीहरू आफ्ना दुष्ट कामहरूदेखि फर्केनन् वा तिनीहरूले अन्य देवताहरूलाई धूप बाल्न छोड़ेनन्। ६ यसैकारण यहूदाका नगरहरू र यरूशलेमका गल्लीहरूमा मेरो क्रोध र मेरो भयानक रीस खनियो र ती उजाड़ र भग्नावशेष भएर, जो आज दैखिँदैछन्। ७ "अब सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः यहूदाबाट पुरुष, स्त्री, साना नानी र दूध खाने बालकहरू अलग गराएर केही पनि नरहने गरी तिमीहरूले आफूमाथि यस्तो ठूलो सर्वनाश किन ल्याउँछौ? ८ तिमीहरू प्रवासी भएर बस्नलाई आएको मिश्रदेशमा तिमीहरूका हातले बनाएका थोकद्वारा, अर्थात् अरू देवताहरूलाई धूप बालेर मलाई किन रीस उठाउँछौ? तिमीहरूले आफैलाई नष्ट गर्नेछौ, र पृथ्वीका सबै जातिहरूका बीचमा तिमीहरू सराप र निन्दाका पात्र बन्नेछौ। ९ जुन दुष्ट काम तिमीहरूका पिता-पुर्खाहरू र यहूदाका राजाहरू र रानीहरू, अनि तिमीहरू र तिमीहरूका पत्नीहरूले यहूदा देश र यरूशलेमका गल्ली-गल्लीहरूमा गऱ्यौ, के ती तिमीहरूले भुल्यौ? १० आजको दिनसम्म पनि तिनीहरूले आफैलाई नम्र तुल्याएका छैनन्, अथवा मलाई आदर गरेका छैनन्, न मेरा व्यवस्था र विधिहरूमा तिनीहरू चल्छन्, जो मैले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूका सामुन्ने राखेको थिएँ।"

**इजिप्ट वा मिश्रदेशमा युद्धबन्दी भएर लगिएका इस्राएलीहरूमा पनि यर्मियाले त्यही समस्याको सामना गर्नुपरेको थियो जुन् आफू यहूदामा रहँदा सामना गरेका थिए। यहूदामा यर्मियाले देशका अगुवाहरूलाई सम्बोधन गरेका थिए भने अब उनले सर्वसाधारण मानिसहरूलाई सम्बोधन गर्न पुगेका थिए। तिनीहरूले त्यही खालका पापहरू गरिरहेका थिए जुन् पापहरूले गर्दा तिनीहरूलाई बिपत्ती ल्याइएको थियो।**

जब ती मानिसहरूले यर्मियाको सम्बोधन सुने तब तिनीहरूले कस्तो अचम्म लाग्दो जवाफ दिए? हेर्नुहोस्, यर्मिया ४४:१५-१९ "१५ तब त्यस ठूलो समुदायमा उपस्थित भएका सबै मानिसहरूले, जसले जान्दथे कि तिनीहरूका पत्नीहरूले अन्य देवताहरूलाई धूप बाल्दैथिए, र त्यहाँ उपस्थित भएका सबै स्त्रीहरूले र तल्लो र माथिल्लो मिश्रमा बस्ने सबै यहूदीहरूले यर्मियालाई भने, १६ 'जो कुरा तिमीले हामीहरूलाई परमप्रभुको नाउँमा सुनाएका छौ, त्यो हामी सुन्नेछैनौं। १७ तर हामीले भनेको हरेक काम हामी अवश्य पूरा गर्नेछौं। हामी र हाम्रा पिता-पुर्खाले र हाम्रा राजाहरू र अधिकारीहरूले यहूदाका नगरहरूमा र यरूशलेमका गल्लीहरूमा स्वर्गकी रानीको निम्ति धूप बालेझैं र अर्घ-बलि चढ़ाएझैं हामी पनि चढ़ाउनेछौं। त्यस बेला हामीले प्रशस्त खान पाउँथ्यौं। हाम्रो फलिफाप भएको थियो, र हामीलाई कुनै किसिमको हानि भएको थिएन। १८ तर स्वर्गकी रानीलाई धूप बाल्न र अर्घ-बलि चढ़ाउन छोड़ेपछि हामीलाई सबै किसिमको अभाव हुँदैआएको छ, अनि तरवार र अनिकालद्वारा हाम्रो पतन हुँदैगएको छ।" १९ अनि स्त्रीहरूले अझ थपे, "जब हामीले स्वर्गकी रानीको निम्ति धूप बाल्यौं र अर्घ-बलि चढ़ायौं, तब के हामीले आफ्ना पतिहरूको सहमतविना नै स्वर्गकी रानीको आकारजस्ताका फुरौला पोल्यौं र अर्घ-बलि चढ़ायौं र?"

**आफूले नै आविश्कार गरेका धर्म वा देवीदेवताहरूलाई मान्दा मानिसहरूका हृदयहरू कति कठोर भएकि र तिनीहरू कस्तो भुलभलैयामा परेकि त्यो अत्यन्त अचम्म लाग्दो छ। परमेश्वरको नाउँमा बोल्ने यर्मियालाई तिनीहरूले उनकै मुखमा ओठे जवाफ दिएका थिए।**

**तिनीहरूको जवाफको कारण सरलै थियोः योशियाको सुधार नीति अगाडि तिनीहरूले मूर्तीपूजामा एकदम तल्लिन भएका थिए। तिनीहरूले स्वर्गको रानी वा देवीको सामु धुप बालेर पूजा आजा**

गर्दै पिउने कुराहरूको भेटी चढाएका थिए। त्यसबेला तिनीहरू फलिफाप नै भएका थिए। भौतिक रूपमा तिनीहरू सम्पन्न नै थिए र आफूहरू सुरक्षित भएको महसूस गरेका थिए। यहोशुको आत्मिक सुधारपछि मात्र तिनीहरूले दुःख पाउन थालेका थिए। कतिपय मानिसहरूमा आत्मिक जागृति केवल देखावतीमात्र थियो। त्यसले गर्दा तिनीहरूले यर्मियाको वचन सुन्न र उनको चेतावनीको पछि लाग्ने औचित्य देखेको थिएन।

यर्मियाको प्रत्यत्तर पनि सोचनिय छ। हेर्नुहोस् यर्मिया ४४:२०-३० “२० तब यर्मियाले तिनलाई जवाफ दिने पुरुष र स्त्री दुवैलाई जवाफ दिँदै भने, २१ “तिमीहरू, तिमीहरूका पिता-पुर्खाहरू, तिमीहरूका राजाहरू, तिमीहरूका पदाधिकारीहरू र देशका मानिसहरूले यहूदाका सहरहरू र यरूशलेमका गल्लीहरूमा धूप जलाएका विषयमा के परमप्रभुलाई स्मरण थिएन र? के उहाँले विचार गर्नुभएन र? २२ जब परमप्रभुले तिमीहरूका दुष्ट चाल र तिमीहरूले गरेका घृणित कामहरू अझै अरू सहन सक्नुभएन, तब तिमीहरूको देश सरापको पात्र र बासिन्दाविना उजाड़ भएको थियो, जस्तो आज पनि छ। २३ तिमीहरूले धूप जलाएका, तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका र उहाँको आज्ञापालन नगरेका, अथवा उहाँको व्यवस्था, विधि र नियमहरू पालन नगरेका हुनाले यो सर्वनाश, जो आज देखिन्छ, तिमीहरूमाथि आएको हो।” २४ तब यर्मियाले ती सबै पुरुष र स्त्रीहरूलाई भने, “मिश्रदेशमा भएका हे सबै यहूदाका मानिस हो, परमप्रभुको वचन सुन। २५ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः ‘स्वर्गकी रानीलाई धूप बाल्न र अर्घ-बलि चढ़ाउन हामीले गरेको भाकल हामी अवश्य पूरा गर्नेछौं’ भनी तिमीहरू र तिमीहरूका पत्नीहरूले आफूले प्रतिज्ञा गरेका कुरा आफ्नै कामद्वारा तिमीहरूले पूरा गरेका छौ। यसर्थ तिमीहरूका प्रतिज्ञाहरू पूरा गर। तिमीहरूका भाकलहरू पूरा गर। २६ तर मिश्रदेशमा बस्ने हे सबै यहूदी हो, परमप्रभुको वचन सुन। परमप्रभु भन्नुहुन्छः ‘मेरो महान्

नाउँमा म शपथ खाँदैछु, कि यहूदाबाट आएका सारा मिश्रदेशभरि नै भएका कुनै यहूदीले पनि "जीवित परमप्रभुको नाउँमा" भन्दै कहिल्यै मेरो नाउँमा शपथ खाने वा पुकार गर्नेछैन' । २७ किनकि म तिनीहरूलाई असलको निम्ति होइन तर खराबको निम्ति हेर्दैछु। मिश्रदेशमा हुने सबै यहूदीहरू नष्ट नहोउञ्जेल तरवार र अनिकालले मर्नेछन्। २८ तरवारबाट बाँचेकाहरू मिश्रदेशदेखि यहूदा देशमा थोरै मात्र फर्केर जानेछन्। तब कसको वचनचाहिँ सत्य ठहर्दोरहेछ– मेरो कि तिनीहरूको भनी मिश्रदेशमा बस्न आएका यहूदाका बाँकी रहेकाहरू जम्मैले जान्नेछन्। २९ "परमप्रभु भन्नुहुन्छ, 'म तिमीहरूलाई यही ठाउँमा दण्ड दिनेछु भन्ने तिमीहरूलाई यो चिन्ह हुनेछ, र तिमीहरूले यो जान कि तिमीहरूका विरुद्ध जोखिम गर्ने मेरो धम्की निश्चय नै कायम रहनेछ' । ३० परमप्रभु यसो भन्नुहुन्छः 'जसरी मैले यहूदाको राजा सिदकियाहलाई त्यसको ज्यान लिन खोज्ने त्यसका शत्रु बेबिलोनको राजा नबूकदनेसरको हातमा सुम्पिदिएँ, त्यसरी नै म मिश्रदेशको राजा फारो होप्रालाई पनि त्यसको ज्यान लिन खोज्ने त्यसका शत्रुको हातमा सुम्पिदिनेछु।"

यर्मियाले तिनीहरूलाई यो बुझाउन खोजेको थियोः *तिमीहरूले बुझ्न सकेको छैन। तिमीहरूकै क्रियाकलाप वा चर्तिकलाले यी दुःखहरू तिमीहरूमाथि आइपरेका हुन्। यदि तिमीहरूले आफ्नो ढिपी गतीलाई सुधार गरेनै भने अझ नराम्रो बिपत्ती आउनेछ। इजिप्टमा तिमीहरूले सुरक्षित हुन्छौं भन्ने तिमीहरूको सोच धोखापूर्ण छ। त्यो देश तिमीहरूले पूजा गरेका मूर्ती जस्तै हो। अन्तमा तिमीहरूले सत्यलाई जान्नेछौ तर त्यसबेला तिमीहरूको निम्ति त्यो अबेर भइसक्नेछ।*

बर्तमान सन्दर्भमा पनि बिस्थापित इस्राएलीहरूले यर्मियालाई जवाफ दिएका भन्दा फरक नभएको देखिन्छ। कतिपय मानिसहरू पाप, भ्रष्टाचार, परमेश्वरलाई विश्वास नगरि चल्नेहरू अत्यन्त फलिफाप भएको देखिन्छ भने ख्रीष्टलाई विश्वास गरि

इमान्दारपूर्वक चल्नेहरू अनेकन् तकलिफ, आपद र कष्टहरू भोगिरहेको पाइन्छ। यस किसिमको यथार्थतालाई हामीहरूले के भन्ने?

**उपसंहार:**

थप जानकारी: **असल र खराबको बीचमा भएको द्वन्द यर्मियामा मात्र होइन सारा बाइबलभरि भएको पाउँछौं। येशूलाई विश्वास गरेको हैशियतले हामीलाई असल र खराब के छ सो थाहा छ किनभने परमेश्वरले बिभिन्न तरिकाले तिनीहरूको व्याख्या गरेर देखाउनुभएको छ (हेर्नुहोस् रोमी ७:७, मिका ६:८, यहोशू २४:२५, मत्ती २२:३७-३९, व्यवस्था १२:८)। तर तपाईंले परम प्रभु सनातन सृष्टिकर्ता परमेश्वर पितालाई नै विश्वास गर्नुभएन भने के गर्ने त? पाप वा अधर्म र असल वा खराबलाई कसरी छुट्याउने? परमेश्वरलाई विश्वास नगर्ने नास्तिक लेखक साम ह्यारिसले एक सुझाव दिन्छ। उनले *मोरल ल्याण्डस्केप* भन्ने पुस्तक लेखेका थिए। असल र खराब विज्ञानको आधारमा मात्र बुझ्नुपर्छ भनेर उनले त्यस पुस्तकमा उल्लेख गरेका थिए। जसरी बलियो आणविक शक्ति र कमजोर आणविक शक्तिको बीचमा अन्तर भएको विज्ञानले व्याख्या गर्छ त्यसरी नै ठीक र गलत र असल र खराबलाई बुझ्न सिक्नुपर्छ। विज्ञानले सबै खराब वा दुष्टको उपचार गर्न सकिनेछ भनेर उनले निष्कर्ष निकालेका थिए। "यदि हामीले पाप वा दुष्टको उपचार गर्ने औषधी आविश्कार गर्न सफल भयौं भने के हुनेछ होला? तर्कको निम्ति सोचौं, यदि हामीहरूको मानव मगजलाई, बिना दर्द र सुरक्षित र सस्तोमा परिवर्तन गर्न सकियो भने के हुनेहोला? मानसिक समस्याको उपचारको औषधी भिटामिन किनेको जस्तै किन्न सकियो भने कस्तो होला? त्यस परिवेशमा दुष्ट, खराब वा पाप भनेको केवल पौष्टिक खानाको कमीमात्र भनेर निश्कर्ष निकाल्न सकिन्छ।" पृ. १०९बाट रूपान्तरित। तर प्रायजसो वैज्ञानिकहरू चाहे परमेश्वरको**

अस्तित्वलाई बिश्वास नगर्न नै किन नहोस्, त्यस्तो खालको अवधारणा यथार्थ हुनसक्छ भनेर विश्वास गर्दैन। अर्थात् पाप र दुष्टताको समस्यालाई औषधीद्वारा उपचार गर्न सकिनेछ भनेर बैज्ञानिकहरूले विश्वास नगरेको पाइन्छ। यद्यपि, यदि तपाईंले परमेश्वरलाई बिश्वास गर्नहुन्न भने त्यसको समाधान कहाँबाट पाइने त?

**चिन्तनमननः**

अ. परमेश्वरको शर्तमा हामी जे स्वीकार गर्छौं त्यसैमा सबै थोक हामी भरपर्छौं।"- एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेज,* पृ. ११८बाट रूपान्तरित। परमेश्वरको अनुग्रह कुनै शर्तमा आउँदैन भनेर विश्वास गर्नु किन गलत छ? शर्त भनेको कुनै काम वा परमेश्वरको सामु धर्मकर्म गरेर उहाँलाई खुशी पार्ने होइन। धर्मकर्म, रीतिरिवाज आदि पालन गरेर मुक्ति पाउँछौं भन्ने गलत शिक्षा र बिनाशर्तमा वा सस्तो अनुग्रह वा विवासमात्र गरे पुग्छ हामीले परमेश्वरको केही व्यवस्थालाई पालन गर्नु आवश्यक छैन, त्यसै मुक्ति पाउँछौं भन्ने गलत शिक्षालाई कसरी छुट्याउने?

आ. एक कठिन प्रश्नको बारेमा सोच्नुहोस्। कसैले भन्छः "मै"ले येशूमा नै विश्वास गर्नुपर्छ भन्ने छैन। मैले परमेश्वरलाई पनि विश्वास गरेको छैन न त विश्वास गर्न आवश्यक ठान्दछु तै पनि हेर्नुहोस् मेरो जीवन कस्तो सुखमय छ! अझ भन्नुपर्दा तपाईं येशूलाई विश्वास गर्छु भन्नुहुन्छ, तपाईंको भन्दा मेरो जीवन आनन्दमय छ।" त्यस्तोलाई कसरी जवाफ दिने?